नेपाल वायुसेवा

मिति : २०७८/७/१८

## प्रेस विज्ञप्ति

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई सेवाग्राहीहरुको असिम शुभेच्छा सहितको समन्वय एवं सहकार्य प्राप्त रहेको सर्वविदित्तै छ ।

गत चार महिनादेखि निगमले प्रक्रियागत एवं संस्थागत निर्णय गर्न सकेको अवस्था थिएन । जसका परिणाम निगमको कार्यकारी समिति २०७८/३/२९ र संचालक समितिको बैठक २०७८/३/३१ देखि बस्न सकेको थिएन ।

मिति २०७८/७/११ गते नेपाल सरकारबाट नियुक्त कार्यकारी अध्यक्ष युबराज अधिकारी र संयुक्त ट्रेड युनियनसँगको संवादबाट सृजित सहकार्य पश्चात मिति २०७८/७/१४ मा निगमको कार्यकारी समितिको बैठक बसी महत्वपूर्ण निर्णयहरु गरी कार्यान्वयनमा आएको छ भने मिति २०७८/७/१७ मा संचालक समितिको बैठक बसी संचालक समितिले निगमको लागि तत्काल अति आवश्यक मानिएको विषयमा नीतिगत निर्णय सहितको गतिशिलता प्रदान गरेको छ ।

निगमको संचालक समितिको निर्णय निगमको कार्य संचालनका लागि अति आवश्यक हुन्छ जसको निर्णयले विभागीय कार्य संचालन जस्ता महत्वपूर्ण विषयसँग प्रत्यक्ष सम्वन्ध राख्दछ ।

मिति २०७८/७/१७ मा निगमको कार्यकारी अध्यक्ष युबराज अधिकारीको अध्यक्षतामा यस आ.व.को हकमा पहिलो पटक विधिवत रुपमा निगमको संचालक समितिको कार्यकक्षमै बैठक बसेको सहर्ष जानकारी गराउँदछौं ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग

करिश्मा श्रेष्ठ
प्रवक्ता
नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np